# निम्नमाध्यमिक तहको अंग्रेजी विषयको उपलब्धिस्तर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायशैक्षिक योजना तथा व्यवस्थापन विभागस्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नकालागि तयार पारिएको

**शोधपत्र**


**शोधकर्ता**

हेम राज उप्रेती

क्याम्पस क्रमाङ्क ११७/२०६६

परीक्षा क्रमाङ्क २०४००८४/२०६८

त्रि.वि.दर्ता नं. ९-३-२०४-१४५-२००९



कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा झापा

२०७३(सन् २०१७)

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी हेमराज उप्रेतीले मेरो प्रत्यक्ष निर्देशनमा **निम्नमाध्यमिक तहको अङ्ग्रेजी विषयको उपलब्धिस्तर** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २३ डिसेम्बर २०१६

(योन्देन सुनुवार)

शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी हेमराज उप्रेतीले **निम्नमाध्यमिक तहको अङ्ग्रेजी विषयको उपलब्धिस्तर** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..........................................

२. योन्देन सुनुवार
शोध निर्देशक ..........................................

३. उप-प्रा. गणेश प्रसाद खनाल
बाह्य परीक्षक ..........................................

मिति : ११ जनवरी २०१७

# कृतज्ञता ज्ञापन

**निम्न माध्यमिक तहको अंग्रेजी विषयको उपलब्धिस्तर** भन्ने शीर्षक छनोट गरी यो अध्ययन गरिएको हो । यो शोधपत्र तयार पार्नका लागि झापा जिल्लाको टाघनडुब्बा स्रोतकेन्द्रमा संचालित सामुदायिक विद्यालयहरु मध्येबाट नमूना छनोट गरी सोही क्षेत्रमा रहेका विद्यालयहरुको अंग्रेजी विषयको उपलब्धिस्तरको विश्लेषण तथा विद्यालयहरुको बारेमा विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने प्रधानाध्यपक, विषय शिक्षकहरु, विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकबाट राय सुझाव तथा प्रतिक्रिया संकलन गरी अध्ययनको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने कममा शोधप्रस्ताव लेखनदेखि नै निकट रही निरन्तर रुपमा सल्लाह, सुझाव तथा मार्ग निर्देशन प्रदान गर्नुका साथै शोधपत्र तयार गर्ने सीप प्रदान गर्दै उत्प्रेरणा दिई सहयोग पुऱ्याउनु हुने शोध निर्देशक श्री योन्देन सुनुवार प्रति विशेष धन्यवाद दिन चाहान्छु । क्याम्पस प्रमुख श्री टंक बहादुर कार्की, विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटी , शोध समिति प्रति श्रद्धाभाव प्रकट गर्दछु । त्यसैगरी शोध पत्रका लागि आवश्यक सामाग्रीहरु जुटाई सहयोग गर्नुहुने जिल्ला शिक्षा कार्यालय झापा , सुकुना बहुमुखी क्याम्पसका कार्यालय सहायक श्री देवीप्रसाद गौतम, टाघनडुब्बा स्रोतकेन्द्रका स्रोतव्याक्ति श्री मेदनी पाठक, दुर्गापुर स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री खड्ग प्रसाद खरेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रश्नावली , रुजुसूची माथि राय सुझाव दिनुहुने नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरु, वि.व्य.स.का पदाधिकारीहरु, शिक्षकहरु, अभिभावकहरु, विद्यार्थीहरु र कम्प्यूटर टाइपिङ्ग गरी सहयोग पुऱ्याउनु हुने श्री राजु शाह लाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

हेम राज उप्रेती

# शोधसार

*यो अध्ययन **निम्नमाध्यमिक तहको अंग्रेजी विषयको उपलब्धिस्तर** शीर्षकमा गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य निम्नमाध्यमिक तह उत्तीर्ण परीक्षा (कक्षा ८)मा अंग्रेजी विषयको उपलब्धिस्तरको अवस्था पत्ता लगाउनु रहेको छ ।*

*यो अध्ययन गुणात्मक ढाँचामा गरिएको छ । यस अध्ययनका लागि झापा जिल्लाको टाघनडुब्बा स्रोत केन्द्रका जम्मा २१ ओटा सामुदायिक विद्यालयहरुमध्येबाट गोला प्रथाद्वारा ३ ओटा माध्यमिक विद्यालय र २ ओटा निम्नमाध्यमिक विद्यालयहरु गरी ५ ओटा विद्यालयहरु नमुना छनौट गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरुबाट ५ जना प्रधानाध्यापक, ५ जना अंग्रेजी विषय शिक्षक, गोला प्रथाद्वारा १० जना विद्यार्थीहरु र ५ जना अभिभावकहरुलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । तथ्यांकको प्राथमिक स्रोतहरुमा विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, स्रोत व्यक्तिलाई लिइएको छ भने द्वितीय स्रोतहरुमा विद्यालय अभिलेख, कक्षा ८ को मार्कलेजर, परीक्षाफल बही, पत्रिका, अप्रकाशित शोधपत्रहरुलाई लिइएको छ । तथ्यांक संकलनका साधनहरुमा अन्तर्वार्ता, प्रश्नावली र सर्भेक्षण फाराम प्रयोग गरिएको छ । तथ्यांक संकलनका लागि ५ ओटै विद्यालयहरुमा स्थलगत रुपमा विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावकसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता र प्रश्नावलीका माध्यमबाट तथ्यांक र सूचना लिइएको छ भने सर्भेक्षण फाराम प्रयोग गरी कक्षा ८ को परीक्षाफल बही अवलोकन गरी नतिजा विश्लेषण गरिएको छ । प्राप्त तथ्यांकलाई तालिकीकरण तथा वर्णनात्मक रुपमा प्रस्ततीकरण गरी नतिजाको विवेचना गरिएको छ ।*

*अध्ययनको निष्कर्षअनुसार नमुना छनौटमा परेका ५ ओटै विद्यालयहरुमा विगत ५ वर्ष (२०६८ -२०७२) को निम्नमाध्यमिक तह उत्तीर्ण परीक्षा (कक्षा ८) को नतिजा प्रवृत्ति हेर्दा अंग्रेजी विषयको उत्तीर्णदर ४५ देखि ६० प्रतिसत भित्र रहेको पाइयो । शैक्षिक सत्रअनुसार उच्चतम विषयगत औसत उपलब्धि २०६८ मा ५६ प्रतिसत, २०६९ मा ५८ प्रतिसत, २०७० मा ५५ प्रतिसत, २०७१ मा ५६ प्रतिसत र २०७२ मा ६० प्रतिसत रहेको पाइयो । शैक्षिक सत्र २०७२ को उच्चतम विषयगत उत्तीर्ण प्रतिसत समग्रमा ९४ प्रतिसत, छात्राको  ९३ प्रतिसत र छात्रको १०० प्रतिसत तथा उच्चतम विषयगत औसत उपलब्धि छात्राको ५९ प्रतिसत र छात्रको ६२ प्रतिसत रहेको पाइयो । अंग्रेजी विषयको उपलब्धिस्तरलाई प्रभाव पार्ने मुख्य तत्वहरुमा घरायसी कामकाज, अभिभावकको आर्थिक स्थिति र पढाइप्रति चासो, विद्यार्थीको पढाइप्रति लगनशीलता, कक्षा शिक्षण कौशलको प्रभावकारिता, अनुगमन पाइयो । त्यस्तै यस विषयको उपलब्धिस्तर सुधारका लागि विद्यालयहरुमा श्रव्यदृष्य सामग्रीको प्रयोग गरिएको, बालमैत्री कक्षा व्यवस्थापन गरिएको, एकाइ परीक्षा, कक्षाकार्य, गृहकार्य, प्रयोगात्मक कार्य सञ्चालन गरिएको, समूहगत शिक्षण गरिएको, लिपि सुधार कार्य गरिएको, कक्षामा साप्ताहिक रुपमा वक्तव्य र हिज्जे प्रतियोगिता सञ्चालन गरिएको पाइयो । यस विषयको उपलब्धिस्तरमा कमी ल्याउने मुख्य तत्वहरुमा उपयुक्त शैक्षिक सामग्रीको कमी, शिक्षण कौशलमा कमी, अभिभावकको शिक्षामा न्यून लगानी तथा चासो, विद्यार्थीको अंग्रेजी विषयप्रति कम लगनशीलता, विद्यालय प्रशासनको कमजोरी, कक्षामा अंग्रेजीमय वातावरणको न्यूनता पाइयो ।*

*यस अध्ययनमार्फत निम्नमाध्यमिक तह (कक्षा ८)को अंग्रेजी विषयको उपलब्धि सुधारका लागि जिल्ला शिक्षा कार्यालयले विद्यालयहरुमा कम्तिमा मासिक १ पटक विषयगत रुपमा शैक्षणिक कार्यको अनुगमन र निरीक्षण गर्ने नीति बनाई विद्यालय निरीक्षक र स्रोत व्यक्तिद्वारा कार्यान्वयन गर्नुपर्ने, अंग्रेजी विषयमा उत्कृष्ठ उपलब्धि ल्याउने विद्यालय र*

*शिक्षकलाई जिल्ला शिक्षा कार्यालय वा विद्यालय व्यवस्थापन समितिले पुरस्कृत गर्नुपर्ने, विद्यालयहरुमा भाषा शिक्षणसिकाइ प्रकृयाको विज्ञमार्फत समयसमयमा अवलोकन गरिनुपर्ने, विद्यालय तहमा विद्यार्थी, शिक्षक, अभिभावक सबैले अंग्रेजीको उपलब्धि सुधारमा चासो दिनुपर्ने, विषयगत योजना बनाई शिक्षण गरिनुपर्ने, अंग्रेजी माध्यमका लेखहरु, फिल्महरु, समाचारपत्रहरु विद्यालयमा उपलब्ध गराई विद्यार्थीहरुलाई अध्ययन गराउनुपर्ने, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट शिक्षणसिकाइ गरिनुपर्ने, अंग्रेजी माध्यममा हाजिरी जवाफ, हिज्जे, वक्तृत्वकला, हस्तलेखन प्रतियोगिताहरु सञ्चालन गर्नुपर्ने, अंग्रेजी विषयमा विद्यार्थीहरुको भाषिक सिप सुधार गर्ने क्षेत्रमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने मुख्य सुझावहरु दिइएको छ ।*

विषयसूची


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| | परिच्छेद एक | |
| | परिचय | १-६ |
| १.१ अध्ययनको पृष्ठभूमि | | १ |
| १.२ समस्याको कथन | | ३ |
| १.३.अध्ययनको औचित्य | | ४ |
| १.४ अध्ययनका उद्देश्यहरु | | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | | ६ |
| १.६ अध्ययनको परिसीमा | | ६ |
| | परिच्छेद दुई | |
| सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | | ८-१२ |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाकाहरु | | १० |
| २.३ पुनरावलोकनको उपादेयता | | ११ |
| | परिच्छेद तीन | |
| | अध्ययन विधि | १३-१६ |
| ३.१ अनुसन्धान ढाँचा | | १३ |
| ३.२ जनसङ्ख्या र नमुना | | १३ |
| ३.२.१. नमुनाको आकार | | १४ |
| ३.३ तथ्याङ्कको श्रोत | | १४ |
| ३.३.१. प्राथमिक स्रोतहरु | | १४ |
| ३.३.२. द्वितिय स्रोतहरु | | १५ |
| ३.४ तथ्याङ्क संकलनका स्रोत तथा साधनहरु | | १५ |
| ३.४.१ सर्वेक्षण | | १५ |

३.४.२ अन्तरवार्ता १५
३.४.३ प्रश्नावली १५
३.५ तथ्याङ्क संकलन प्रक्रिया १५
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १६

## परिच्छेद चार

नतिजाको विवेचना १७-३१
४.१ निमावि शिक्षा उत्तीर्ण परीक्षामा अङ्ग्रेजी विषयको उपलब्धिस्तर १७
४.१.१ निमावि तहको अंग्रेजी विषयको उपलब्धिस्तर १६
४.२ अंग्रेजी विषयको उपलब्धिस्तरलाई प्रभाव पार्ने तत्वहरु २६
४.२.१अंग्रेजी विषयको उपलब्धि सुधारका लागि चालिएका कदमहरु २६-२८
४.३ अंग्रेजी विषयको उपलब्धिमा कमी ल्याउने तत्वहरु २८-२९
४.४ अंग्रेजी विषयको उपलब्धि स्तर सुधार गर्ने उपायहरु २९-३१

## परिच्छेद पाँच

निष्कर्ष र सुझावहरु ३२-३८
५.१ निष्कर्ष ३२-३४
५.२ सुझावहरु ३५
५.३.१ नीतिगत तह ३५
५.३.२ कार्यान्वयन तह ३६
५.३.३ अनुसन्धान तह ३७-३८